२०८२/१२/१
अध्यक्ष

श्री पावर सामुदायिक वन उपभेक्ता समुह
शितगंगा न. पा. १४ पावर अर्घाखाँची

# काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित - २०८२/११/३० (लुम्बिनी दैनिक)**

यस सामुदायिक बनको स्वीकृत बन कार्ययोजना बमोजिम डिभिजन बन कार्यालय अर्घाखाँचीबाट संकलन सहमती लिई संकलन गरेको काठ/दाउरा शितगंगा - १४ गोठेथरीमा घाटगढीमा रहेका निम्न परिमाणको काठ/दाउरा जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ/दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्बर (PAN) र मुल्यअभिबृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ सौ दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ ।

| सि. नं. | जात | लट नं. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ | |
|---|---|---|---|---|---|---|---|
| १ | साल | - | A | ४० | ६०२.२४ | १२५०।- | कटान मुछान खर्च<br>काठ रु.१८६।-प्रति क्यू.फि.<br>दाउरा प्रति चट्टा रु. १८१५०।- |
| | | | B | १४४ | १४४१.१८ | ९००।- | |
| | | | C | ४१० | २१८८.३३ | ६००।- | |
| | | | D | ३०१ | ८४३.१० | ३००।- | |
| २ | असना | | A | १३ | १८७.३७ | ४००।- | |
| | | | B | १३ | १३२.५० | ३००।- | |
| | | | C | ६७ | ३२४.२४ | १००।- | |
| ३ | जामुन | | C | ११ | ४६.०९ | १००।- | |
| ४ | कुसुम | | - | २ | २५.२५ | १००।- | |
| ५ | साल दाउरा १५.०० चट्टा | | | | | १२०००।- | |
| ६ | अन्य दाउरा ९.०० चट्टा | | | | | ४०००।- | |

१. बोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८२/१२/२० गते कार्यालय समय भित्र । (विदा परे सो को भोलि पल्ट)
२. बोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८२/१२/२२ गते **दिनको १.०० बजे सम्म ।**
३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -
**(क) समुहको कार्यालय । (ख) डिभिजन बन कार्यालय अर्घाखाँची ।**
४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक बनको नाममा रहेको कृषि विकास बैक शाखा कार्यालय बुटवलमा रहेको खाता नं. ०४१४८००२४६०१९०१९ मा जम्मा गरेको सक्कल **भौचर** नै पेश गर्नु पर्ने छ ।
५. प्रति बोलपत्र बापत रु.२०००।- लाग्ने छ र सो रकम पनि उपरोक्त बैक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ
६. लिलाम हुने वन पैदावार शितगंगा १४ गोठेथरीमा रहेको घाटगढीमा स्थलगत रुपमा हेर्न सकिने छ ।
७. रितपुर्बक र न्युनतम सख्याको बोलपत्र पेश भएमा मिति २०८२/१२/२३ गते दिउसो ४.०० बजे समितिका पदाधिकारी, बन कर्मचारी, खरिदकार्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य ब्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ ।
८.लिलाममा भाग लिन चाहने ब्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्बर(PAN) र **डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** को प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ ।
९.सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।
१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक बन उपभोक्ता समुहलाई निहित रहने छ ।
११. लिलाम स्वीकृत भएको जानाकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मुल्य, मु.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाई लिलाम भएको वन पैदावार तोकिएको समयभित्र प्रक्रिया पुरा गरी लैजानु पर्ने छ ।
१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।
१३. अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

चलचित्र

# फासीवादी उत्पीडनलाई दर्शाउने चलचित्र ‘पुतलीको जिब्रो’

सन् १९९९ मा प्रदर्शनमा आएको स्पेनी फिल्म Butterfly Tongue (La lengua de las mariposas) अर्थात् ‘पुतलीको जिब्रो’ एउटा उत्कृष्ट उत्कृष्ट सिनेमाटिक कृति हो। होसे लुइस क्वेर्दा (José Luis Cuerda) ले निर्देशन गरेको यो फिल्म म्यानुअल रिभासको कथामा आधारित छ। यस फिल्मले स्पेनको गृहयुद्धको पूर्वसन्ध्यामा एउटा निर्दोष बालक र उसको शिक्षकबीचको सम्बन्ध तथा तत्कालीन राजनीतिक परिस्थितिहरू, र समाजमा परिवर्तन आउने क्रमलाई सुक्ष्म रूपमा चित्रण गर्छ।

फिल्मको केन्द्रमा मोन्को नाम गरेका एक निर्दोष बालक छ। ऊ एक गाउँमा बस्छ। स्वासप्रश्वाससम्बन्धी रोग र लजालु स्वभावका कारण मोञ्चो लामो समयसम्म घरमै बसेको थियो र विद्यालय जान डराउँथ्यो। ऊ पहिलो पटक विद्यालय जान्छ। त्यहाँ उसको भेट डोन ग्रेगोरियो नाम गरेका एक बुद्धिमान र दयालु शिक्षकसँग हुन्छ। डोन ग्रेगोरियो परम्परागत शिक्षण शैलीभन्दा भिन्न छन्। उनी विज्ञान, स्वतन्त्र सोच, र जिज्ञासालाई प्रोत्साहित गर्छन्। शिक्षक डन ग्रेगोरियोले छिट्टै नै उसको डर हटाइदिन्छन्।

मोन्को र उसको शिक्षकबीचको सम्बन्ध शिक्षक-विद्यार्थी भन्दा बढी एक गुरु-शिष्य जस्तै भएर जान्छ। डोन ग्रेगोरियोले मोन्कोलाई प्रकृति, प्रेम, स्वतन्त्रता, र विज्ञानको सुन्दरता देखाउँछन्।उनले मोन्कोलाई ‘बटरफ्लाई टङ’ (फूलबाट रस चुस्ने पुतलीको विशेष जिब्रो) को बारेमा सिकाउँछन्।

उनी मोञ्चो र अन्य बालबालिकालाई संसारका विविध चीजहरू परिचित गराउँछन्। विशेष गरी मोञ्चोसँग उनीहरूको गहिरो सम्बन्ध बन्छ र उनीहरू एक-अर्कालाई अत्यन्त माया गर्छन्। मोञ्चोको परिवारले पनि उनलाई धेरै सम्मान गर्छ। मोञ्चोको दाजु आन्द्रेस सङ्गीतकार बन्न चाहन्छ। फिल्मले विभाजित समाजमा उसको वयस्क हुने अनुभवलाई पनि समेट्छ। मोञ्चोको टेलर-मास्टर बुवा गणतन्त्रवादी र नास्तिक हुन् र प्रगतिशील पार्टीका कार्डहोल्डर पनि। आमाले उनलाई समर्थन गर्छिन्, तर धर्मभीरु र “व्यावहारिक” छिन्।

त्यस समयमा स्पेनमा राजनीतिक परिवर्तनका घटनाहरु भइरहेका हुन्छन्। सन् १९३१ मा स्पेनको राजतन्त्र हटेर र स्पेनी गणतन्त्रको स्थापना भएको हुन्छ। त्यसपछिका पाँच वर्षको अवधिमा, यो नयाँ सरकारले गरेका सुधारका कामहरुले रूढीवादी चर्च, सेना,जमिन्दारहरू, फैलांजिस्ट र अन्य अतिवादी दक्षिणपन्थी शक्तिहरूलाई चिढ्यायो। १९३६ मा सामाजिक जनवादीहरू, कम्युनिस्टहरू र अराजकतावादीहरू मिलेर “गणतान्त्रिक मोर्चा” (Popular Front) को सरकार गठन गरे। यसको विरोधमा फ्रान्सिस्को फ्रान्को (rancisco Franco) जस्ता सैन्य अधिकारीहरूले विद्रोह सुरु गरे, जसले गृहयुद्ध निम्त्यायो।

गालिसियाको त्यो सुन्दर गाउँको शान्त जीवन अचानक अशान्त बन्छ, जब म्याड्रिडमा जनरल फ्रान्कोले सैनिक कू गरी गणतन्त्रलाई पल्टाउँछ, र उनका समर्थक फैलांजिस्ट दस्ताहरू देशभर कम्युनिस्ट, नास्तिक र गणतन्त्रवादीहरूमाथि आक्रमण र धरपकड गर्न थाल्छन्।

फिल्मको अन्तिम १० मिनेटले दर्शकलाई गहिरोसँग झस्काइदिन्छ, जब देखाइन्छ कि डर र आत्मरक्षा गर्ने प्रवृत्तिले मानिसलाई के-कसरी बदल्न सक्छ।

गाउँभरिका मानिसहरूलाई चोकमा जम्मा गरिन्छ, जहाँ पक्राउ परेका मानिसहरूलाई सजायका लागि लगिँदैछ। एक-एक गरेर तिनीहरू बाहिर निकालिन्छन्। तिनीहरूको अनुहार र शरीर यातनाका चिन्हहरूले भरिएका छन्। तिनीहरूमा शहरका मेयर, एउटा पबको मालिक, मोञ्चोको सबैभन्दा मिल्ने साथीको बुबा, आन्द्रेसको ब्याण्डको गायकर एक दर्जनभन्दा बढी गणतन्त्रवादी समावेश छन्। सबैभन्दा अन्त्यमा, डन ग्रेगोरियोलाई ल्याइन्छ, जसलाई केही दिनअघि मात्र गाउँलेहरूले आफ्ना छोराछोरीलाई शिक्षित गराएकोमा सम्मान गरेका थिए।

हतियारधारी फैलांजिस्टहरूले उपस्थित जनतालाई गणतन्त्रवादीहरूको अपमान गर्न उक्साउँछन्। मोञ्चोकी आमा रोजा, जसले आफ्नो घरमा भएका सबै अखबार, किताबहरू र आफ्ना पतिका पार्टी कार्ड जलाइसकेकी छिन्, पक्राउ परेका मानिसहरूलाई “नास्तिक”, “लाल गद्दार” आदि भनेर सराप्न थाल्छिन्। उनी आफ्ना पति र छोराछोरीलाई पनि त्यही गर्न दबाब दिन्छिन्।

भीडमा शहरका धनी मानिसहरू छन्, जो घृणाका साथ गणतन्त्रवादीहरूलाई गाली गरिरहेका छन्, र आम मानिसहरू छन्, जो डरले वा पीडाले ती शब्दहरू दोहोऱ्याइरहेका छन्। केही मानिसहरू पक्राउ परेका व्यक्तिहरूसँग जान खोज्छन्तर तिनीहरूलाई बन्दुकका कुन्दाले हिर्काएर पछाडि धकेलिन्छ।

आन्द्रेस र उनका पिता पनि “नास्तिक”, “अराजकतावादी”, “देशद्रोही” जस्ता शब्दहरू दोहोऱ्याउन थाल्छन्, तर तिनीहरूको अनुहार पीडाले भरिएको छ र आँसु झरिरहेको छ। त्यसपछि, मोञ्चो पनि उस्तै गर्छ। अन्य साना केटाकेटीहरूजस्तै, ऊ पनि पक्राउ परेका मानिसहरू बोकिरहेको ट्रकतर्फ दौडिन्छ र ढुङ्गा हान्न खोज्छ।

दौडँदै ऊ चिच्याउँछ - “तिलोनोरिन्को” र “प्रोबोसिस” (पुतलीको जिब्रो)। यी शब्दहरू डन ग्रेगोरियोले उनलाई सिकाएका थिए, र यी शब्दहरू प्रयोग गरेर मोञ्चो उनलाई बताउन खोजिरहेको थियो कि ऊ उनलाई कहिल्यै बिर्सने छैन।

डन ग्रेगोरियोको भद्र अनुहारमा गहिरो पीडाका रेखाहरू देखिन्छन्। लाग्छ, उनलाई सबभन्दा धेरै चोट उनीहरूको मृत्युले होइन, तर यस कठोर वास्तविकताले पुगेको छ कि मानिसका दृढ लागेका विश्वासहरू कति सजिलै ध्वस्त पार्न सकिन्छ। डोन ग्रेगोरियोले मोन्कोलाई किताबहरू, विज्ञान, र प्रकृतिको ज्ञान प्रदान गर्छन्। उनले विद्यार्थीलाई स्वतन्त्र रूपमा सोच्न सिकाउँछन्, जुन अधिनायकवादी सत्ताले सहन सक्दैन। फिल्मले शिक्षा मात्र सूचना दिने माध्यम होइन, तर आलोचनात्मक सोच, प्रश्न गर्ने क्षमता, र बौद्धिक स्वतन्त्रता दिने साधन हो भन्ने दर्शाउँछ।

मोन्को, जो सुरुमा निर्दोष छ, राजनीतिक द्वन्द्वको शिकार बन्छ। फिल्मले निर्दोष मानिसहरूलाई युद्धले कसरी प्रभावित गर्छ भन्ने गहिरो चित्रण गर्छ। मोन्कोले आफ्नो प्रिय शिक्षकलाई अन्त्यमा गाली गर्नुपर्दा उसको भित्री पीडा दर्शकको मन छुने गरी प्रस्तुत गरिएको छ।

डोन ग्रेगोरियो र मोन्कोबीचको सम्बन्ध गुरु-शिष्य सम्बन्धभन्दा बढी आत्मीय मित्रताको रूपमा देखिन्छ। तर, जब समाजले शिक्षकलाई ‘शत्रु’ घोषणा गर्छ, तब मोन्कोले उनलाई साथ दिन सक्दैन। यो दृश्यले शक्ति, डर, र सामाजिक दबाबका कारण मानिसले आफ्नै प्रियजनलाई समेत धोका दिन बाध्य पारिने अवस्थालाई चित्रण गर्छ।

स्पेनको गृहयुद्धले ल्याएको फासीवादको उदय र यसले समाजमा ल्याएको आतङ्क फिल्मको मूल विषय हो। स्वतन्त्र विचारधाराका शिक्षकहरूलाई फासीवादी सत्ताले कसरी दमन गर्छ भन्ने फिल्मले गहिरो रूपमा देखाउँछ।

फिल्मको सिनेमाटोग्राफी शान्त, प्राकृतिक, र सौन्दर्ययुक्त छ। ग्रामीण स्पेनी गाउँको दृश्यहरू, स्कूलको वातावरण, र मोन्कोको संसारलाई दर्शकले वास्तविक जीवनको अनुभूति गर्न सक्ने गरी प्रस्तुत गरिएको छ। होसे लुइस क्वेदाको निर्देशनले पात्रहरूका भावनात्मक पक्षहरूलाई अत्यन्त संवेदनशील तरिकाले प्रस्तुत गरेको छ। फिल्मको प्रकाश र रंग योजना दुई मुख्य भागमा विभाजित छः मोन्को र डोन ग्रेगोरियोबीचको सम्बन्धलाई चित्रण गर्ने प्रारम्भिक दृश्यहरूमा उज्ज्वल, प्राकृतिक रंगहरू छन्, जसले निर्दोषता र स्वतन्त्रताको अनुभूति दिन्छ।गृहयुद्धको छायाँ गाढा हुँदै जाँदा, फिल्मको रंग धुमिल र अँध्यारो बन्छ, जसले डर र अस्थिरता दर्शाउँछ।

निर्दोष शिक्षक, बुद्धिजीवी, र स्वतन्त्र विचारधाराका व्यक्तिहरूलाई अधिनायकवादी सत्ताले कसरी दमन गर्छ भन्ने कुरा यस चलचित्रमा राम्ररी देखाइएको छ। वास्तवमा यो केवल स्पेनको इतिहासको कथा मात्र होइन, विश्वभर अधिनायकवादी सत्ताले गरिरहेको मानवअधिकार उल्लङ्घनको गहिरो चित्रण हो।

फिल्मले शिक्षा भनेको केवल पाठ्यपुस्तकको ज्ञान नभई स्वतन्त्र सोच, आलोचनात्मक विचारधारा, र विवेकको विकासको आधार हो भन्ने देखाउँछ। अधिनायकवादी शासनहरू किन शिक्षालाई नियन्त्रित गर्न खोज्छन् भन्ने प्रश्न फिल्मले उठाउँछ। बालबालिका राजनीति र युद्धको कारण कसरी प्रभावित हुन्छन् भन्ने यस फिल्मको प्रमुख विषय हो। मोन्कोले आफ्नो शिक्षकलाई प्रेम गर्दा गर्दै पनि सामाजिक दबाबमा परेर उनलाई त्याग्नुपर्छ।

फिल्मले इतिहासबाट सिक्नुपर्ने आवश्यकतामा जोड दिन्छ। यो फिल्म केवल स्पेनको गृहयुद्धको कथा मात्र नभई विश्वभर दोहोरिइरहेका इतिहासका घटनाहरूको प्रतिनिधित्व पनि हो। ‘पुतलीको जिब्रो’ लाई एउटा फिल्म मात्र नभई समाज, राजनीति, र मानव स्वभावको मनोवैज्ञानिक अध्ययन हो भनेर भन्न सकिन्छ। यसमा निर्दोष बालक, बुद्धिजीवी शिक्षक, र अधिनायकवादी शासनबीचको द्वन्द्वलाई अत्यन्त मार्मिक ढंगले प्रस्तुत गरिएको छ।

यस फिल्मले हामीलाई सिकाउँछ कि स्वतन्त्र चिन्तनको महत्व कति गहिरो हुन्छ। साथै यस फिल्मले समाजले राजनीतिक प्रभावमा परेर कसरी निर्दोष व्यक्तिहरूलाई सजाय दिन्छ भन्ने कुरालाई पनि राम्ररी देखाउँछ। होसे लुइस क्वेर्दाको उत्कृष्ट निर्देशन, सुन्दर सिनेमाटोग्राफी, र गहिरो सन्देशका कारण यो फिल्म शिक्षा, राजनीति, र मानवीय सम्बन्धहरूको सन्दर्भमा अत्यन्त महत्त्वपूर्ण कलात्मक कृति बनेको छ।

(साभारः दायित्वबोध डट कम)

कथा

# घण्टा

मोपासाँ

(सन् १८५० मा जन्मिएका फ्रान्सेली कथाकार मोपासाँ १९औं शताब्दीका प्रभावशाली लेखक मध्ये पर्दछन्। उनका छोटा कथाहरु निकै सशक्त छन्। मान्छेका नियति र सामाजिक परिबन्दमा केन्द्रित हुने उनका प्रायः कथाहरुको अन्त्यले पाठकको मनमस्तिष्कमा हलचल मच्चाइदिन्छ। मोपासाँका कैयौं कथाहरु नेपाली पाठकका पहुँचमा छैनन्। केही कथाहरु नेपालीमा अनुदित भएता पनि समयक्रममा अप्राप्य हुन पुगेका छन्। लैनसिंह बाङदेलले अनुवाद गर्नुभएको यो कथा पहिलोपटक सन् १९४५ मा प्रकाशित भएको थियो।)

गरिब भए पनि, अङ्गहीन खोरन्डो भए पनि त्यसको दिन राम्ररी बितिरहेको थियो। १५ वर्षको उमेरमा एउटा सडकमा एउटा बग्गीको चक्कामुनि परेर त्यसका दुवै खुट्टा भाँचिएका थिए। त्यस दिनदेखि त्यो दुइटा लट्ठी दुवै काखीमुनि च्यापेर, कानसम्म कुम उठाएर त्यो लट्ठीमाथि भार राखेर घस्रिँदै हिँड्थ्यो। कस्तो लाग्थ्यो भने दुई पहाडमा डुबेजस्तो ऊ देखिन्थ्यो।

गाउँको पुरोहितले एउटा परित्यक्त नानी नालीमा पाएको थियो। त्यसको नाउँ राखियो - मिखोलेस तुस्याँ। त्यसले लेखपढ्नपट्टि ध्यान दिएन, त्यसलाई पढाउने कसले? जब त्यसका खुट्टा भाँचिएका थिए, गाउँको एउटा रोटीवालाले त्यसलाई कति गिलास ब्रान्डी खुवाएको थियो। त्यस दिनदेखि त्यो लङ्गडो भयो, मानिसको एउटा हाँस्ने वस्तु भयो।

यहीबीचमा त्यसलाई एउटी धनी स्वास्नीमानिसले आफ्नै भवनको छेउको कुखुरा बेच्ने ठाउँनिर एउटा ताखजस्तो बनाइएको भुसले भरिएको कोठामा बस्न दिइन्। घोर अनिकालको बेलामा पनि त्यहाँबाट खानलाई एक टुक्रा रोटी र पिउनलाई एक गिलास साइडर रक्सी पाइन्छ भन्ने कुरामा त्यसलाई सन्देह थिएन। कहिलेकाहीँ ती बूढी मालिक्रीले माथि भयाङदेखि नै अथवा आफ्नै कोठाको झ्यालबाट दुईचार पैसा त्यसलाई फालिदिन्थिन्, तर ती स्वास्नीमानिसको अब मृत्यु भइसकेको थियो।

गाउँका मानिसहरूले कहिलेकाहीँ त्यसलाई केही कुरा दिन्थे। तिनीहरूसित त्यसको रानै परिचय भइसकेको थियो। ४० वर्षदेखि त्यसले तिनीहरूलाई देखिरहेको थियो, दुई काठमाथि भार दिएर आफ्नो निन्दित अङ्गहीन शरीरलाई घिसार्दै एउटा ढोकादेखि अर्को ढोकासम्म भीक माग्न जान्थ्यो। त्यसलाई अन्त कतै जान मन लाग्दैनथ्यो, किनभने आफ्नो यो देशको एक कुनाबाहेक अरू कुनै ठाउँ त्यसले जान्दैनथ्यो। त्यो दुईचार घरतिर जान्थ्यो औ भिक्षाभ्रमणका निम्ति एउटा सीमा त्यसले तोकेको थियो। त्यो कहिल्यै पनि त्यो अभ्यस्त सीमा नाघेर कतै टाढा जाँदैनथ्यो। ‘अर्को गाउँतिर किन जाँदैनस् ? जहिले हेऱ्यो यहाँ टुप्लुक्कै!’ त्यसले उसको केही उत्तर दिँदैनथ्यो। त्यो त्यहाँबाट हिँडिहाल्थ्यो। एउटा चिनेको ठाउँको डरले त्यो दरिद्र नाना प्रकारका कल्पित आशङ्काले अभिभूत हुन्थ्यो। कोही नयाँ अनुहार देख्यो भने अथवा एकैचोटि निकै सिपाहीहरू देख्यो भने त्यो भाग्नै बल गर्थ्यो। टाढैदेखि कुनै एउटा पोथ्रो वा ढुङ्गाको थुप्रो घाममा टल्किरहेको देख्यो भने त्यसको जीउमा असाधारण फुर्ती आउँथ्यो। जसरी सिकारीले खेदेको प्राणी ज्यानै दिएर लुक्ने ठाउँ खोज्दै भाग्छ उसरी नै त्यो बडो चाँडो भागेर पोथ्रो वा दङ्गाको थुप्रामा आड लाएर आश्रय लिन्थ्यो। त्यो आफ्ना दुवै काठसितै भुइँमा तेर्सिएर लम्पसार हुन्थ्यो। त्यसको मैलो लुगाको रङ्ग भुइँको रङ्गसित मिल्थ्यो औ यही प्रकारले त्यो मानिसको दृष्टिदेखि अदृश्य हुन्थ्यो।

त्यसको कतै आश्रयस्थान थिएन, न त्यसको एउटा झुप्रो थियो न अलिकति बारेको ठाउँ नै थियो। गर्मीको दिनमा त्यो जहाँ पायो त्यहाँ सुत्थ्यो। अनि जाडोको दिनमा कतै भकारीतिर अथवा तबेलातिर बडो निपुणतासित पस्थ्यो औ मानिसको दृष्टि आफूमा पर्नुभन्दा अघि नै त्यो त्यहाँबाट भाग्थ्यो। कुनै घरभित्र पस्नलाई कहाँ खाल्डो छ, कहाँ प्वाल छ त्यसलाई खुब थाहा थियो। लट्ठीको व्यवहारले आफ्नो नाडीको जोरले भकारीको घाँसको थुप्रोमाथि चढ्न सक्थ्यो। भीक मागी ल्याएर त्यो कहिलेकाहीँ चारपाँच दिनसम्म बस्थ्यो। मानिसको माझमा वनको पशुजस्तै त्यसले जीवन बिताउँथ्यो - कसैलाई पनि चिन्दैनथ्यो, कसैलाई माया गर्दैनथ्यो। किसानहरूले उसको खिसी गर्थे, त्योसित भित्री रूपले शत्रुता गर्थे। तिनीहरूले त्यसलाई घण्टा भन्थे। जसरी दुईवटा काठको खुट्टीमा घण्टा झुन्डिन्छ उसरी दुई लट्ठीको बीचमा त्यो झुन्डिन्थ्यो। त्यसै कारण तिनीहरूले यो नाउँ राखेका थिए। दुई दिनदेखि त्यसले खान पाएको थिएन, कसैले त्यसलाई केही दिएन। पालाई पर देख्नेबित्तिकै आफ्नो ढोकैबाट किसान कराउँथ्यो- ‘भाग यहाँबाट! तीन दिनसम्म त एउटा रोटीको टुक्रा दिएँ।’ आफ्नो लट्ठीलाई छिटो छिटो घुमाएर अर्को घरतिर जान्थ्यो, तर उहाँ पनि त्यसले उस्तै अभ्यर्थना पाउँथ्यो।

स्वास्नीमानिसहरूले एक घरदेखि अर्को घरसम्म सुन्ने गरी भन्थे- ‘सधैं यो माग्नेलाई खुवाउन सकिन्छ के। तर यो माग्नेले भने प्रतिदिन केही न केही खाने थोक त खानैपऱ्यो!’ आफूले चिनेका दुईतीनवटा गाउँदेखि निस्केर त्यो गयोस कतै त्यसले एक पैसा पाएन, कतै रोटीको एक टुक्रासम्म पाएन। अब त्यसमा घस्रिँदै हिँड्ने शक्ति थिएन, त्यसको पकेट रित्तो थियो औ पेट पनि रित्तै थियो। तै पनि त्यो हिँडी नै रह्यो। डिसेम्बरको महिना थियो। चिसो हावा मैदानमा बगिरहेथ्यो। अनि पात नभएका सिक्रा रूखहरू सुइँ-सुइँ गर्दै बजिरहेका थिए। बादलका ठूला-ठूला टुक्राहरू आकाशपथबाट दगुरिरहेका थिए औ कहाँ गइरहेका छन्, पत्तो थिएन। लङ्गडो भिखारी बडो मुस्किलले दुवै लट्ठीमाथि आफ्नो भार राखेर बिस्तार-बिस्तार हिँड्न लाग्यो। बेला-बेलामा त्यो सडकको नालामा बसेर केही बेरसम्म सास फेऱ्यो। त्यसको हृदय चिन्ताले आतुर भइसकेको थियो औ भोकले त्यो छटपटाइरहेथ्यो। उसको मस्तिष्कमा केवल एउटै कुरा थियो– खाने कुरा! तर कसरी खाने कुरो जोगाड गर्ने, त्यसको केही विचार गर्न सकेन।

यही प्रकारले तीन घण्टासम्म त्यो सडकमा हिँडिरह्यो। अर्को गाउँको रूखपात बल्ल देखियो, तब त्यो छिटो-छिटो हिँड्न थाल्यो।

पहिले एउटा किसानसित त्यसको भेट भयो। उसको नजिकै आएर त्यसले भीक माग्न लागेको देखेर उसले भन्यो– ‘फेरि तँ आइस् ? तैंले अहिलेसम्म पनि आफ्नो बदमासी छोडेको छैनस् ? तँदेखि छुटकारा पाउनु पनि एउटा समस्या नै भयो।’ दघण्टा अब त्यहाँ उभिइरहन सकेन, टाढै हिँड्न लाग्यो। प्रत्येक घरबाट त्यसले भिक्षा नपाएर तिरस्कार पाउन थाल्यो। कसैले पनि त्यसलाई केही दिएन! तर पनि बडो धैर्य त्यो हिँडी नै रहेको थियो। फेरि मैदानबाट त्यो एउटा बस्तीतिर गयो। पानी परेको हुनाले जमिन हिलैहिलो थियो। ऊ हिलैमा अब हिँड्न लाग्यो। त्यो यति दुर्बल भइसकेको थियो, त्यसले हिलोमा गाडिएको आफ्नो लट्ठीसमेत झिक्न सक्दैनथ्यो। चारैतिरबाट त्यसलाई लगार्न थाले। दिन पनि त्यस्तै बडो ठन्डा र उदास थियो। यस्तो दिनमा स्वभावैले मन बडो सङ्कुचित हुन्छ, सानै कुरामा पनि रिस उठ्छ। विरक्तिको अन्धकारमा चित्त डुबेको हुन्छ। यस्ता दिनमा दान-दक्षिणा गर्न पनि मन हुँदैन, कसैलाई सहायता गर्ने इच्छा हुँदैन।

आफूले चिनेका सबै घरमा जब त्यो गइसक्यो तब अन्त्यमा त्यो एउटा किसान सिकेको आँगनछेउमा आएर नालीको एक कुनामा बस्यो। आफ्ना लामालामा दुवै लट्ठीलाई त्यसले भुइँमा फ्याँकिदियो औ भोकको पीडाले कातर भएर धेरै बेरसम्म चुप लागी बसिरह्यो। कुन्नि, त्यो के आशाले त्यहाँ बसेको थियो। हामीहरू सबैको मनमा कुनै बेला यस्तै प्रकारको अनिर्दिष्ट धमिलो आशा प्रायः भइरहन्छ। यो आँगनको एक कुनाको चिसो हावामा बसेर त्यो एउटा रहस्यमय अचिन्तित सहायताको आशा गर्न लाग्यो। हामीहरू ईश्वर अथवा मानिसबाट यस्तो प्रकारको सहायता पाउने आशा विरलै गर्छौं, तैपनि हामीले यो कुरा विचार गर्दैनौं कताबाट सहायता पाउने, किन पाउने औ कसबाट पाउने ?

त्यहाँ एक बथान कुखुराका चल्लाहरू भुइँमा चारो खोजी खाँदै आउन लागेका थिए। एउटा अन्न अथवा कोरा देखियो भने चुच्चाले टपक्कै टिपिहाल्थे। अरू केही कुराको विचारै नगरी घण्टा चुपचाप तिनीहरूलाई हेरिरहेको थियो। तर केही बेरपछि त्यसको बुद्धिमा एउटा विचार आयो। बुद्धिमा आयो नभनेर यसो भन्न बेस होला।एउटा करा त्यसको हृदयमा अनभव भयो– एउटा कुखुराको चल्लो आगोमा पोलेर खाएँ भने! चोर्ने काम गर्दा अपराध आइलाग्छ भन्ने कुरा त्यसको बुद्धिमा एक पल्ट पनि आएन। त्यसले हातको छेउमा एउटा ढुङ्गो पायो औ त्यसैले एउटा कुखुराको चल्लालाई हिर्कायो। त्यो चल्लो त्यहीं पखेटा फटफटाएर लड्यो, अरू चाहिँ भागे। त्यसपछि घण्टा आफ्ना दुवै काँधमा लट्ठी च्यापेर आफ्नो सिकार टिप्नलाई ठकठक गर्दै जान लाग्यो।

घण्टा जसै रातो शिर भएको कुखुराको अगाडि पनि आयो त्यसै बेला त्यसको पछिल्तिर कम्मरमा जोरले धक्का लाग्यो। त्यो धक्काले त्यसका दुवै काखमा च्यापेका लट्ठी खुस्के औ चारपाँच हात परतिर लड्दै पुगे। किसान सिकेले रिसले चुर भएर त्यो चोरलाई हिर्कायो औ त्यसको लङ्गडो शरीरमा लात, घुस्सा र थप्पड लाउन थाल्यो। त्यसै बेला गोठालाहरू पनि आइपुगे। तिनीहरूले पनि घण्टालाई खुब पिट्न थाले। हिर्काउँदा-हिर्काउँदा तिनीहरू थाकेपछि त्यसलाई उठाएर भकारीभित्र हालेर थुने। त्यसपछि थानामा खबर पठाइयो। घण्टा अधमरो भएर, भोकको पीडाले कातर भएर भुइँमा लडिरह्यो। बेलुका भयो, रात पयो औ फेरि सूर्य उदाए। त्यसले केही पनि खान पाएन। प्रायः दिन ढल्कन लाग्दा सिपाहीहरू आए औ सावधानीसित ढोका खोले, किनभने चोरले लडाइँ(झगडा गर्ला भनेर उनीहरूले शङ्का गरेका थिए। किसान सिकेले उनीहरूलाई यो भिखारीले उसलाई हिर्कायो तथा उसलाई आफ्नो ज्यान बचाउन बडो गाह्रो पऱ्यो भन्ने खबर पठाएको थियो।

जमदारले कराएर भन्यो– ‘एई, उठ्!’ । तर घण्टा चलेन पनि। त्यस लट्ठीमाथि भार दिएर उठ्ने चेष्टा गऱ्यो तर उठ्न सकेन। त्यसले छल गरेको होला भनी तिनीहरूले ठाने। चोर एवम् बदमासहरूले प्रायः त्यसै गर्छन्। यस्तै विचार गरेर तिनीहरूले त्यसलाई निर्दयतापूर्वक उठाएर लट्ठीमाथि उभ्याइदिए। घण्टा डरले विह्वल भयो। सिकारीको सम्मुख सिकार जसरी डराउँछ, बिरालोको अघि मुसो जसरी डराउँछ त्यसरी त्यो डराइरहेको थियो। शरीरको जम्मै बलले त्यो गाह्रोसित उभियो।

जमदार फेरि करायो– ‘एई, हिँड् न अब!’ घण्टा हिँड्न लाग्यो, किसानहरू आफ्ना घरका ढोकाबाट अथवा खेतबाट उभिएर हेर्न लागे। स्वास्नीमान्छेहरू मुड्की देखाउन लागे औ लोग्नेमानिसहरू त्यसलाई खिज्याउन लागे, गाली गर्न थाले-‘अब त बल्ल केटो पक्रिइयो! चोर! बदमास!

दुई जना सिपाहीको माझमा त्यो थियो। हिँड्ने शक्ति नभए पनि बलजफ्ती त्यसले आफूलाई घिसार्दै लग्यो। बेलुकासम्म यसरी घस्रिँदै हिँड्नुपर्ने थियो। अब के हुने हो, त्यसलाई केही थाहा थिएन। त्यो डरले यति व्याकुल भएको थियो, त्यसले केही कुरा पनि विचार गर्न सकेन।

बाटामा जति मानिसहरूसित त्यसको भेट हुन्थ्यो उनीहरूले केही बेरसम्म उभिएर हेर्थे। कृषकहरूले परस्परमा सुस्तरी भने- ‘त्यो त एउटा चोर हो।’ रात परेपछि तिनीहरू त्यस जिल्लाको सहरमा आइपुगे। घण्टा जीवनमा कहिल्यै पनि यति टाढा आएको थिएन। विचार पनि गर्न सकेन, के भइरहेको छ औ के हुने हो। यी सब कहिल्यै नदेखेका भयानक वस्तुहरू, यी सब अनुहारहरू, नयाँ सडकहरू, घरहरू देखेर त्यो असाध्यै डरायो।

त्यसको मुखबाट एक शब्द पनि निस्केन, किनभने त्यसले भन्नुपर्ने कुरा केही थिएन। वास्तवमा त्यसले केही बुझ्नै सकेन। योबाहेक यति वर्ष कसैसित नबोलेकाले त्यसले आफ्नो बोलीसमेत हराइसकेको थियो। दुईचारवटा कुरा कराएर भन्ने पनि त्यसको शक्ति छैन भन्ने कुरा त्यसको मनमा खेलिरहेको थियो। सहरको जेलमा त्यसलाई थुनियो। त्यसले केही पनि खाएको छैन भन्ने कुरा सिपाहीहरूले एक पटक पनि सम्झेनन्। त्यसलाई त्यसरी नै छाडेर उनीहरू फर्की आए। अर्को दिन बिहानै उनीहरू जब घण्टाको खबर लिन आए, त्यस बेला उनीहरूले घण्टलाई भुइँमा मरिरहेको भेट्टाए। एउटाले भन्यो- ‘मरेछ! के अचम्मको कुरो!’

(रत्न पुस्तक भण्डारद्वारा प्रकाशित ‘विश्वकथा-संग्रह’बाट साभार)

**चुनावी...**

निर्वाचन आयोगका सह-सचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार राजनीतिक दल र उम्मेदवारले तोकिएको समयसीमाभित्र निर्वाचन प्रचार प्रसारमा भएको खर्चको विवरण सार्वजनिक गर्नुपर्छ।

त्यसरी सार्वजनिक गरेको फोटो वा स्क्रिनसट प्रिन्ट गरी वा भरपर्दो प्रमाण संलग्न गरी निर्वाचन सम्पन्न भएको मितिले ३५ दिनभित्र राजनीतिक दलले निर्वाचन आयोगमा र उम्मेदवारले आफ्नो जिल्लामा रहेको प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा जानकारी गराउनुपर्छ।

निर्वाचन खर्चको विवरण नबुझाए वा सार्वजनिक नगरे आयोगले निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ बमोजिमसम्बन्धित पार्टी र उम्मेदवारलाई कारबाही गर्ने गरेको छ।

**वायु...**

नेपालमा डब्लुएचओको मापदण्डभन्दा बढी नै प्रदूषण भएको उनले बताए।

वायु गुणस्तर सूचक ० देखि ५० सम्म स्वस्थ, ५१ देखि १०० सचेत, १०१ देखि १५१ सम्म जोखिम समूह (ज्येष्ठ नागरिक, दीर्घरोग र बालबालिका) का लागि हानिकारक मानिन्छ। वायु गुणस्तर सूचक १५१ भन्दामाथि भएमा अस्वस्थ्य मानिने गरिएको छ।

यसलाई डब्लुएचओको मापदण्डभित्र पुर्‍याउन सके हरेक वर्ष नेपालीको आयु तीन दशमलव तीन वर्षले बढ्ने अनुमान गरिएको छ।

वायु प्रदूषणकै कारणले वार्षिक ७९ लाख मानिसको मृत्यु हुने गरेको र तीमध्ये ९० प्रतिशत कम र मध्यम आय भएका देशका नागरिक पर्दछन्।

वायु प्रदूषण सवारीसाधनबाट निस्केको धुँवा, औद्योगिक उत्सर्जन, खुला रूपमा फोहर तथा जैविक पदार्थ जलाउँदा निस्कने धुँवा, सडक र निर्माण कार्यको धुलो, वन डढेलो र किटनाशक र विषादीको प्रयोगलगायतबाट हुने गरेको छ।

**लिलाम बिक्री सम्बन्धी सूचना।**

प्रथम पटक प्रकाशित मिति २०८२/११/३०

यस सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई शितगंगा १३ जोगीमारेमा घाटगद्दी गरी राखिएको साल जातको काठ ३४१७०४ क्यू. फि., अन्य जातको ५८५५.०६ क्यू. फि तथा साल दाउरा ९.०० चट्टा र अन्य दाउरा १७.७५ चट्टा जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

**श्री मुसिवान सामुदायिक बन उपभोक्ता समुह**

शितगंगा न.पा. १३ अर्घाखाँची

**लिलाम बिक्री सम्बन्धी सूचना।**

प्रथम पटक प्रकाशित मिति २०८२/११/३०

यस सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई शितगंगा १४ गोठेथरीमा घाटगद्दी गरी राखिएको साल जातको काठ ५०७९ ७३ क्यू. फि., अन्य जातको ७१०.४८ क्यू. फि. तथा साल दाउरा १५.०० चट्टा र अन्य दाउरा ९.०० चट्टा जस्तो अबस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखांची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

**श्री पावर सामुदायिक बन उपभोक्ता समुह**

शितगंगा न.पा. १४ अर्घाखाँची

**काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२।११।३०

यस वनदेवी सामुदायिक वन उपभोक्ता समूहको आ.व २०८२/०८२ वनबाट उत्पादित गोलिया काठ सुनवल न.पा वडा नं. ३ खैरेनी वनदेवी सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दीमा लट बनाई साल तथा अन्य जात समेत गरी ११२ थानको कुल ९६०.७३ क्युफिट काठ जे जस्तो आवस्थामा छ, सोही अवास्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ। ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२औं दिनमा प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र दाखिला गरी गर्न आब्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि वनदेवी सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस वनदेवी सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गारिएको छ।

**वनदेवी सामुदायिक वन उपभोक्ता समूह**

सुनवल नगरपालिका वडा नं. ३ नवलपरासी (ब.सु.प)